सैनामैना नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुद्धनगर, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

मिति २०८३/०६/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १

सैनामैना नगरपालिका भित्रका विद्यालयहरुमा प्रधानाध्यापक नियुक्तिका लागि शिक्षा नियममावली, २०५९ को नियम ९३ मा भएको ब्यवस्था अनुसार सम्बन्धित तहको योग्यता पुगेको शिक्षकलाई प्रधानाध्यापक नियुक्तिको लागि देहायका शिक्षकलाइ देहायको विद्यालयमा सरुवा गर्ने । त्यसरी सरुवा गरी पठाइएको विद्यालयबाट अर्को शिक्षक सरुवा गरी शिक्षक ब्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र स | शिक्षकको नाम | तह श्रेणी | कार्यरत विद्यालय | सरुवा गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रकाश गौतम | नि.मा.वि तृतीय | पर्रोहा माध्यमिक विद्यालय | महेरवादेवी आधारभूत विद्यालय | दरबन्दी सहित प्र. अ. बनाउन |
| २ | उषा ज्ञवाली | प्रा.वि. तृतीय | महेरवादेवी आधाभूत विद्यालय | परोहा माध्यमिक विद्यालय | दरबन्दी सहित |
| ३ | विष्णु कुमारी ज्ञवाली | नि.मा.वि. तृतीय | पर्रोहा माध्यमिक विद्यालय | जनज्योति आधारभूत विद्यालय सैनामैना ११ | दरबन्दी सहित प्र. अ. बनाउन |
| ४ | शिवलाल गिरी | प्रा.वि. द्वितीय | जनज्योति आधारभूत विद्यालय सैनामैना ११ | रामापुर माध्यमिक विद्यालय | जनज्योति आ.वि. ०३ बाट आउने प्रा वि दरबन्दीमा |
| ५ | विष्णु कुमार उपाध्याय | नि.मा.वि. तृतीय | रामापुर माध्यमिक विद्यालय | जनज्योति आधारभूत विद्यालय सैनामैना ३ | सैनामैनाबाट लगिए नि मा वि दरवन्दीमा प्र अ |
| ६ | किरण न्यौपाने | प्रा.वि. तृतीय | जनज्योति आधारभूत विद्यालय सैनामैना ३ | जनकल्याण माध्यमिक विद्यालय | रिक्त ठाउमा |
| ७ | सुनिता ज्ञवाली | नि.मा.वि. तृतीय | सैनामैना माध्यमिक विद्यालय | पर्रोहा माध्यमिक विद्यालय | विष्णु कुमारी ज्ञवाली सरुवा भै रिक्तस्थानमा |
| ८ | जनज्योति आ वि ०३ को एउटा प्रा वि दरबन्दी सैनामैना मा वि मा पठाउने | | | | |

सालझण्डी माध्यमिक विद्यालय र राष्ट्रिय माध्यमिक विद्यालयको हकमा आवश्यक पर्ने २ वटा माध्यमिक दरबन्दीको लागि एक दरबन्दी पशुपति माध्यमकि विद्यालयबाट र अर्को पर्रोहा पर्रोहा माध्यमिक विद्यालयबाट ब्यवस्थापन गर्ने, सालझण्डी सालझण्डी माध्यमिक विद्यालयको राहत दरवन्दी पर्रोहा माध्यमिक विद्यालयमा ल्याउने र राष्ट्रिय माध्यमिक विद्यालयमा प्रधानाध्यापक वनाउन माध्यमिक दरवन्दी पशुपति माध्यमिक विद्यालयबाट लैजाने । यी दुवै विद्यालयको हकमा सबै माध्यमिक विद्यालयको प्रधानाध्यापकबाट बाहिरिने शिक्षक मध्येबाट जान चाहानेलाइ प्राथमिकता दिने र जान नचाहेमा शिक्षा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतलाई शिक्षक खटाउने अख्तियारी दिने ।

तुल्सीराम [illegible]सिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८३/०६/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. २**

सैनामैना नगरपालिकाको आ व २०८३/८४ समपुरकोष पुजिगत तर्फ विनियोजित मध्येबाट तपशिलको विद्यालयमा तपसिलको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्रस | विद्यालयकोनाम | बजेट | कार्यक्रम |
|---|---|---|---|
| १ | रामापुर माध्यमिक विद्यालय | ४००००० | भौतिक मर्मत सुधार |
| २ | दुर्गाभवानी माध्यमिक विद्यालय | ५००००० | भौतिक मर्मत सुधार |
| ३ | जनकल्याण माध्यमिक विद्यालय | ८००००० | शोचालय निर्माण |
| ४ | सरस्वती माध्यमिक विद्यालय | ५००००० | हल निर्माण सुधार |
| ५ | जनचेतना माध्यमिक विद्यालय | ३००००० | झ्याल ढोकाको पल्ला मर्मत |
| ६ | सालझणडी माध्यमिक विद्यालय | २००००० | झ्याल ढोकाकोपल्ला मर्मत सुधार |
| ७ | कोटियादेवी माध्यमिक विद्यालय | ८००००० | हल निर्माण सुधार |
| ८ | महेरवादेवि माध्यमिक विद्यालय | ५००००० | भौतिक मर्मत सुधार |
| जम्मा | | ४०००००० | |

**निर्णय नं. ३**

सैनामैना माध्यमिक विद्यालयको नमुना विद्यालयको भौतिक गुरुयोजना तर्फको अधुरो भवन पुरा गर्न नमूना विद्यालयको भौतिक सुधार शिर्षकमा रकम विनियोजित नभएकोले अधुरो भवन पुरा गर्न यस आधारभूत विद्यालयमा संघीय ससर्त तर्फको स्वीकृत गुरुयोजनाका आधारमा लागत साझेदारीमा विद्यालयको पुर्वाधार विकासमा विनियोजित रु. ५५००००० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

सैनामैना नगरपालिका भित्र निर्माण हुने सार्बजनिक तथा **क** बर्गका भवन र **ख** बर्गका पाँच तला वा १७ मिटर भन्दा अग्ला वा दश हजार वर्गफिट भन्दा ठुला सबै विशेष तथा जटिल प्रकृतिका भवनको नक्सा स्वीकृति, भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा देखिने प्राविधिक जटिलता, निर्माणको क्रममा उत्पन्न हुने समस्या तथा विवादको मूल्याङ्कन एवं निराकरणका लागि आवश्यक प्राविधिक राय तथा सिफारिस गर्न संशोधित भवन निर्माण मापदण्ड स्वीकृत भइ कार्यान्वयनमा नआएसम्मका लागि देहाय बमोजिम **भवन मापदण्ड मुल्याङ्कन तथा अनुगमन समिति** गठन गर्ने निर्णय गरियो ।

देहाय

| क स | पद/प्रतिनिधि | जिम्मेवारी |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

| | | |
|---|---|---|
| ३ | नगरपालिकाले मनोनयन गरेको स्टक्चरल ईन्जिनयर | सदस्य |
| ४ | सर्भेक्षक | सदस्य |
| ५ | वस्ति विकास तथा भवन नियमन शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार विषयको प्रकृति अनुसार Structural Engineer, Architect/Urban Planner, Geotechnical Engineer, Fire Safety लगायत विषय विज्ञ/सम्बन्धित निकायका प्रतिनिधिलाई समितिको वैठकमा आमन्त्रित गर्न सकिनेछ।विज्ञको बैठक सहभागिता तथा आवश्यक प्राविधिक परामर्श स्थलगत निरीक्षण बापत प्रचलित कानून, स्वीकृत दररेट तथा नगरपालिकाबाट बैठक भत्ता, आवश्यकता अनुसार, पारिश्रमिक र अन्य सुविधा उपलब्ध गराइने छ।

## निर्णय नं. ५

भवन ऐन, २०५५ को दफा ९ को उपदफा २ बमोजिम स्वीकृत NBC 105:1994 र NBC 205:1994 खारेज गरी सोको सट्टामा अद्यावधिक NBC 105:2025 तथा NBC 205:2024 परिमाजित भइ लागू भएकोले सैनामैना नगरपालिकामा पनि NBC 105:2025 तथा NBC 205:2024 लाई लागू गर्ने निर्णय गरियो

## प्रस्ताव नं. ६

यस नगरपालिकाको आ.व.२०८३/०८४ को स्वीकृत अव्यवस्थित जग्गा व्यवस्थापन कार्यक्रममा विनियोजित रु.५०,००,०००।- लाई तपसिलका शीर्षकमा विनियोजित रकमलाई देहायल बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरु प्रचलित कानून तथा आर्थिक कार्यविधि बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम तथा उप शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | भूमि व्यवस्थापनमा खटिएका करार कर्मचारीहरूको पारिश्रमिक | २४,००,००० | |
| २ | भूमि व्यवस्थापनमा खटिएका कर्मचारीहरूको प्रोत्साहन सुविधा तथा अनुगमन खर्च | १२,००,००० | |
| ३ | मर्मत सम्भार खर्च | १,००,००० | |
| ४ | मसलन्द तथा कार्यालय सामग्री खर्च | २,००,००० | |
| ५ | इन्धन खर्च | ३,००,००० | |
| ६ | सेवा तथा परामर्श खर्च | २,००,००० | |
| ७ | दैनिक भ्रमण खर्च | १,००,००० | |
| ८ | कार्यक्रम तथा विविध खर्च | ३,००,००० | |
| ९ | कम्प्युटर तथा मेशिनरी औजार | २,००,००० | |

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | कुल रकम | ५०,००,०००। | |

## निर्णय नं. ७

सैनामैना नगरपालिकाको वडा समितिबाट प्रमाणीकरण भई आएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारका सदस्यको स्वामित्वमा नेपाल राज्यभित्र जग्गा जमिन नभएको र परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्री वा हक हस्तान्तरण नगरेको भनी आफूलाई भूमिहीन दलित/भूमिहीन सुकुम्बासी दाबी गरी २०६६ माघ २८ अघिदेखि जग्गा आबाद कमोत गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी निःशुल्क जग्गा पाउन स्थानीय वडा कार्यालय मार्फत सिफारिस प्रमाणीकरण भई आएको भूमिहीन दलित/भूमिहीन सुकुम्बासी हो भनी प्रमाणीकरण गरि जिल्ला भूमि समस्या समाधान समिति, रुपन्देहीलाई निशुल्क जग्गा वितरण गर्न सिफारिस गर्ने निर्णय गरियो।

## निर्णय नं. ८

नगरपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत मागमा आधारित ५०/५० पूजिगत योजनाको लागि मिति २०८३/०६/०२ को सूचना बमोजमि माग भएका तपसिलका योजनाहरुलाई पचास प्रतिशत लागत साझेदारीमा स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | माग भएको आयोजनाको नाम | नगरपालिको | लागत साझेदारी | जम्मा रकम | माग गर्ने संस्थाको नाम |
|---|---|---|---|---|---|---|
| १ | १ | समावेशी पार्कमा आवश्यक पूर्वाधार निर्माण | ५००००० | ५००००० | १०००००० | समावेशी टोल विकास संस्था |
| २ | २ | कालिका मन्दिरको अधुरो धर्मपौवा (धर्मशाला) निर्माण | २५१००० | २५१००० | ५०२००० | कालिका मन्दिर व्यवस्थापन समिति |
| ३ | ३ | पुष्पनगर टोलमा सडक बत्ती जडान | ११०३३५ | ११०३३५ | २२०६७० | पुष्पनगर टोलविकास संस्था |
| ४ | ३ | पुष्पनगर टोलको पूर्वतर्फ घमाहा खोलामा तटवन्धन | १४८९०३ | १४८९०३ | २९७८०६ | पुष्पनगर टोलविकास संस्था |
| ५ | ३ | पुष्पनगर टोलमा सिसि क्यामेरा जडान | ६०००० | ६०००० | १२०००० | पुष्पनगर टोलविकास संस्था |
| ६ | ३ | पर्सावल आदर्शटोलमा सडक बत्ती जडान | २८१५९२ | २८१५९२ | ५६३१८४ | पर्सावल आदर्शटोल विकास संस्था |

मिति २०८३/०६/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ३ | गंगानगर टोलमा सडक बत्ती जडान | १७५०८७ | १७५०८७ | ३५०१७४ | गंगानगर टोल विकास संस्था |
| ८ | ३ | विद्यालय टोलमा सडक बत्ती जडान | १८३६२६ | १८३६२६ | ३६७२५२ | विद्यालय टोल विकास संस्था |
| ९ | ३ | रामव[illegible] क्यामे[illegible] | ७५००० | ७५००० | १५०००० | रामबस्ती टोल विकास संस्था |
| १० | ५ | मिलनबुद्धनगर टोलमा पर्ने जिर्ण धर्मशाला मर्मत र पिपलकोबोटमा चौपारी निर्माण | १००००० | १००००० | २००००० | मिलनबुद्ध टोल विकास संस्था |
| ११ | ५ | कोटियामाई खानेपानी तथा सरसफाई संस्थाको कम्पाउण्ड वाल प्लाष्टर तथा काँडेतार लगाउने | २५०००० | २५०००० | ५००००० | कोटियामाई खानेपानी तथा सरसफाई संस्थाको |
| १२ | ५ | कोटियामाई दुर्गा मन्दिर निर्माण | ६००००० | ६००००० | १२००००० | कोटियामाई दुर्गा मन्दिर व्यवस्थापन समिति |
| १३ | ६ | शहिद नारायण पोखेल रामापुर क्याम्पसको सभाहल निर्माण | ५००००० | ५००००० | १०००००० | शहिद नारायण पोखेल रामापुर क्याम्पस |
| १४ | ६ | विद्यालयको सभाहल पूर्वाधार निर्माण | १०००००० | १०००००० | २०००००० | रामापुर माध्यमिक विद्यालय |
| १५ | ६ | विद्यालयमा शौचालय निर्माण | ५००००० | ५००००० | १०००००० | रामापुर माध्यमिक विद्यालय |
| १६ | ६ | भाटाचौर देखि उत्तर लौधापानी जाने सरक कालोपत्रे | ४००००० | ४००००० | ८००००० | वडा कार्यालयको सिफारिस मात्र भएको |
| १७ | ७ | नव दुर्गा मन्दिर निर्माण | ४००००० | ४००००० | ८००००० | सिर्जनशिल टोल विकास संस्था |
| १८ | ७ | नमूना सामुदायिक वन क्षेत्रको संरक्षणका लागि सिमानामा तारबार लगाउने | ७००००० | ७००००० | १४००००० | नमूना सामुदायिक वन उपभोक्ता समूह |
| १९ | ७ | सिंचाईका लागि स्यालो ट्यूवेल जडान | १७५००० | १७५००० | ३५०००० | हरियाली टोल विकास संस्था |
| २० | ८ | रामापुर लौधापानी सडकको पक्की नाली निर्माण | ५००००० | ५००००० | १०००००० | रामापुर लौधापानी सडकको पक्की नाली निर्माण उ.स. |

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

बैनामैना नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुद्धनगर, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

मिति २०८३/०६/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | ८ | सूर्यनगर टोलबुद्ध पथको घुम्टी निर ईंगुरीया नदी तटबन्धन | ४००००० | ४००००० | ८००००० | सूर्यनगर टोलबुद्ध पथको घुम्टी निर ईंगुरीया नदी तटबन्धन उ.स. |
| २२ | ८ | सूर्यनगर टोलबुद्ध पथको घुम्टी निर प्रतिक्षालय निर्माण | १५०००० | १५०००० | ३००००० | सूर्यनगर टोलबुद्ध पथको घुम्टी निर प्रतिक्षालय निर्माण उ.स. |
| २३ | ९ | उन्नत कृषक समूह स्याली ट्यूवेल निर्माण | ३००००० | ३००००० | ६००००० | उन्नत कृषक समूह |
| २४ | ९ | फर्निचर खरिद | २००००० | २००००० | ४००००० | दलदले बरपानी खानेपानीउपभोक्ता तथा सरसफाई संस्था |
| २५ | १० | झिमझिमिया देखि फुलवारी वेम्टेनी र कोटीयाथान जोड्ने सडक स्तरउन्नती र नाली निर्माण | १०००००० | १०००००० | २०००००० | झिमझिमिया टोल विकास संस्था |
| २६ | १० | फच्कापुर र झिमझिमियामा सिंचाई पक्की कुलो निर्माण | ५००००० | ५००००० | १०००००० | फच्कापुर टोल विकास संस्था |
| २७ | १० | पानवारी टोलको मुल सिचाई कुलो पक्की निर्माण | १०००००० | १०००००० | २०००००० | कञ्चन सामुदायिक वन उपभोक्ता समुह |
| २८ | १० | झिमझिमियाटोल ढोरपाटन सडक देखि शान्तिटोल जोड्ने सडक स्तरउन्नती तथा कल्भर्ट निर्माण | ८००००० | ८००००० | १६००००० | झिमझिमियाँ भुल्केपानी सामुदायिक वन उपभोक्ता समुह |
| २९ | १० | कालोपत्रे सडक मर्मत | २५०००० | २५०००० | ५००००० | सितलापुर टोल विकास संस्था |
| ३० | १० | राधाकृष्ण मन्दिरको पूर्वाधार निर्माण | ५००००० | ५००००० | १०००००० | राधाकृष्ण मन्दिर तथा भजन संरक्षण संस्था |
| ३१ | ११ | राजापानी जाने बाटो स्तरउन्नती (साविक सालझण्डी -५) | १०००००० | १०००००० | २०००००० | राजापानी सामुदायिक वन उपभोक्ता समूह |
| ३२ | ११ | जरलैया टोलको राजापानी जाने बाटो स्तरउन्नती (साविक सालझण्डी ५) | ५००००० | ५००००० | १०००००० | जरलैया टोल विकास संस्था |
| | | | १३५१०५४३ | १३५१०५४३ | २७०२१०८६ | |

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति २०८३/०६/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

**निर्णय नं. ९**

संघीय पुर्वाधार विकास मन्त्रालय सिंहदरवारको काठमाण्डौको च.नं. १३० मिति २०८३/०६/१६ को पत्रबाट यस नगरपालिकामा कार्यरत वरिष्ठ ईन्जिनियर श्री सुरज न्यौपानेलाई माननीय मन्त्री सुनिल लम्सालको सचिवालयमा कामकाज गर्ने गरी खटाइ दिनु हुन भनि लेखि आएकोले वरिष्ठ ईन्जिनियर श्री सुरज न्यौपानेलाई पूर्वाधार विकास मान्त्री माननीय सुनिल लम्सालको सचिवालयमा कामकाज गर्ने गरी खटाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

दुधराक्ष स्वास्थ्य चौकीको नव निर्मित भवनबाट सेवा सञ्चलाका लागि लागत अनुमान अनुसार भएको मर्मत खर्च रु.५२४२१।- मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

लुम्विनी तिनाउ सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र सैनामैना ८ लाई १९ औ पुस्तकालय दिवस मनाउनका लागि सामाजिक सहायत शिर्षकबाट रु.३००००।— उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

सैनामैना नगरपालिकाको स्थानीय पाठ्यक्रम लेखन (१-५) को TOR स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

सैनामैन नगरपालिकाका तपसिलका टोल विकास संस्थाहरुलाई सञ्चलन खर्च वापत सामाजिक सहायत शिर्षकबाट देहाय अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।

१. सिद्धि विनायक टोल विकास संस्था रु.२००००।-
२. सुर्यपुरा टोलविकास संस्था सैनामैना ८ रुपन्देही रु.२००००।-
३. भड्छा टोल विकास संस्था सैनामैना ८ रुपन्देही रु.२००००।-
४. शान्तिनगर टोल विकास संस्था सैनामैना ८ रुपन्देही रु.२००००।-
५. रामापुर टोल विकास संस्था सैनामैना ८ रुपन्देही रु.२००००।-
६. बाँसगढी टोल विकास संस्था सैनामैना ८ रुपन्देही रु.२००००।-

**निर्णय नं. १४**

चालु आ.व. मा स्वीकृत नगरपालिका तथा वडा कार्यालयको विविध खर्च शिर्षकबाट मासिक विविध खर्च वापत रु.१२०००।- उपलब्ध गराउने निर्णय गरियो ।

तुल्सीराम न्यरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

सैनामैना नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुद्धनगर, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

मिति २०८३/०६/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १५

नगरपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत मागमा आधारित ५०/५० पूजिगत विनियोजन गरिएको योजनाबाट वचत भएको रकमबाट रु.१००००००।—(दश लाख ) इन्भटर खरिदका लागि विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १६

सैनामैना नगरपालिका वडा नं. ६ को प्रतिक पथ स्तरोन्नतीका लागि रु. ३०००००।— मर्मत सम्भार कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १७

चालु आ.व. मा विनियोजन भएका तपसिलका वडागत योजनाहरु संशोधन गरिदिन वडा कार्यालयबाट निर्णय भइ आएका योजना तथा कार्यक्रमलाई तपसिल बमोजिम कार्यक्रम सञ्चालन गर्ने गरी योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | वडा नं . | कार्यक्रम | विनियोजित रकम | संशोधित कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | ६ | योग प्रशिक्षण/सराय नाँच/कानुनी साक्षरता/मगर खिचडी कार्यक्रम | १६०००० | योग प्रशिक्षण | ४०००० |
| | | | | वडास्तरीय सराँय नाँच | ४०००० |
| | | | | कानूनी साक्षरता | ४०००० |
| | | | | मगर खिचडी महोत्सव | ४०००० |
| २ | ११ | दुर्गा टोलको मुल कुलो पक्की निर्माण | ३००००० | दुर्गा टोलको शाखा कुलो पक्की निर्माण | ३००००० |

## निर्णय नं. १८

प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश वुटवलको च.नं. २६६ मिति २०८३/०५/३१ को पत्रबाट रिक्त पदको माग आकृति पठाउने पत्रानुसार यस कार्यालय अन्तरगत स्वीकृत दरवन्दीको रिक्त पदको माग आकृति पठाउने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति २०८३/०६/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १९**

संघीय सरकारको निर्णय बमोजिम  सैनामैना नगरपालिकाबाट भूमि प्रशासन सेवा सञ्चालन गर्दा नगरपालिकाबाट भू-सेवा समेत सञ्चालन गर्नु पर्ने भएको र भू-सेवा  सञ्चालन गर्न भू-सेवाको तालिम प्राप्त व्यक्ति आवश्यक हुने हुँदा नगरपालिकाका कर्मचारीहरु भू-सेवा केन्द्रमा कामकाज गर्न दक्ष नभएसम्म तीन महिनाका लागि सहायकस्तर पाँचौ तहको पारिश्रमिक दिने गरी तपसिलका व्यक्तिहरुलाई भू-सेवा केन्द्रमा कामकाजमा गर्ने गरी तिकएकोमा निजहरुलाई थप दुइ महिनाको लागि कामकाज लगाउन निर्णय गरियो ।

<u>तपसिल</u>

१. श्री यादव पन्थी, सैनामैना - ४, रुपन्देही ।

२. श्री विवेक वानिया, सैनामैना -३, रुपन्देही ।

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

तुल्सीराम भट्टराई
प्रमुख प्रशासकीय अधिकृत